**Exploration अन्वेषण**
A Peer-Reviewed Multidisciplinary Journal
ISSN 2542-2944 (Print)
Published by the Research Management Cell
Darchula Multiple Campus, Khalanga, Darchula
Far Western University, Nepal

# 'एकान्त' कथामा रस

पदमसिंह बडाल, सहायक प्राध्यापक
दार्चुला बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
badalpadam@gmail.com

**लेखसार**

यो लेखमा मनु ब्राजाकी (वि.स. १९९९-२०७४) द्वारा लिखित एकान्त कथालाई रससिद्धान्तका सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ। एकान्त कथा करुण रसमा केन्द्रित भई प्रियजनको मृत्युले उत्पन्न हुने पीडा, संवेदना र सामाजिक यथार्थलाई चित्रण गरिएको छ । भरतमुनिद्वारा प्रतिपादित रससिद्धान्तका आधारमा विभाव, अनुभाव, सञ्चारी भाव र स्थायी भावलाई कथामा कसरी प्रयोग गरिएको छ भन्ने पक्ष प्रष्ट पारिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यो लेखमा प्राथमिक स्रोतका रूपमा एकान्त कथा र द्वितीयक स्रोतका रूपमा रससिद्धान्तसम्बन्धी कृतिहरूको प्रयोग गरिएको छ। कथामा मर्दै गरेको छोरा, उसका पिता र माता क्रमशः विषयालम्बन र आश्रयालम्बन विभावका रूपमा प्रस्तुत भएका छन् भने सहानुभूतियुक्त छिमेकीहरू र तिनका शब्दहरू तथा विलापमय वातावरण उद्दीपन विभाव हुन्। पात्रहरूको अश्रुपात, आत्तिने, मौनता र रुवाइ जस्ता शारीरिक चेष्टाहरू अनुभाव हुन् । दैन्य, निर्वेद, ग्लानी, हतोत्साह, जस्ता सञ्चारी भावहरूले शोक स्थायी भावलाई सुदृढ बनाएका छन्। यी सबै उपकरणहरूको संयोजनबाट सहृदय पाठकमा करुण रसको निष्पत्ति हुन्छ। पात्रको निजी पीडा पाठकको सामूहिक संवेदनामा रूपान्तरण हुने प्रक्रिया (रस साधारणीकरण) पनि कथामा सशक्त रूपमा देखा परेको छ। यसरी एकान्त कथाले विभाव, अनुभाव, सञ्चारी भाव र स्थायी भावको सन्तुलित प्रयोगबाट करुण रसको गहिरो अभिव्यञ्जना गरेको छ। कथा केवल पात्रको दु:खको वर्णन होइन, मानवीय संवेदनाको सार्वभौमिक अभिव्यक्ति बनेको छ जसले पाठकको मनमा करुण, सहानुभूति र आत्मपरकता जगाउन सफल भएको छ ।

**शब्दकुञ्जी :** निर्वेद, रसउपकरण, रससिद्धान्त, रसास्वादन, सहृदय, साधारणीकरण

*Copyright 2026 ©Author(s)* *This open-access article is distributed under the Creative Commons Attribution–NonCommercial 4.0 International License (CC BY-NC 4.0).*

## परिचय

'एकान्त' कथा नेपाली कथा भाग- ४ मा सङ्ग्रहित छ । वि.स. २०१९ मा 'भऱ्याङ' शीर्षकको कथामार्फत नेपाली साहित्यमा पाइलो टेकेका आख्यानकार मनु ब्राजाकी विविध विषयवस्तुमा कथा लेख्ने कथाकारका रूपमा चिनिन्छन् । प्रस्तुत लेखमा उनको 'एकान्त' कथालाई रस उपकरणका कसीमा राखेर समीक्षा गरिएको छ । कथा सहानुभूति दिन आएका छिमेकिहरू र 'ऊ' पात्रको अन्तर्मनमा उब्जेका प्रतिक्रियालाई देखाउँदा करुण रसयुक्त बनेको छ । यसले कथालाई मर्मस्पर्शी र संवेदनायुक्त बनाएको छ । पात्रको मनबाट वस्तु (छिमेक) प्रतिको प्रतिक्रियालाई देखाउँदा करुण रस उद्घाटित भएकाले रसात्मक दृष्टिकोणले कथाको समीक्षा गर्नु उपयुक्त र महत्वपूर्ण छ ।

लोकजीवनमा श्रुतिकालदेखि नै प्रारम्भ भएको रस भरतमुनि आएपछि साहित्यमा समेत सर्वव्यापक र स्वीकार्य बनेको हो । भरतमुनीले स्थापित गरेको रससिद्धान्त पूर्वीय साहित्यशास्त्र परम्पराको जेठो र महत्वपूर्ण काव्यसिद्धान्त पनि हो । पूर्वीय साहित्यशास्त्रमा रससामग्रीहरूको संयोगबाट रस उत्पत्ति हुने उल्लेख छ । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस उपत्पत्ति हुन्छ (भट्टराई, २०७७, पृ. १३२) । सहृदयका मनमा आनन्द मनोभाव उत्पन्न हुने स्थायीभावलाई रस भन्ने भरतमुनिको व्याख्यालाई उनीपछिका आचार्यहरूले काव्यसिद्धान्त तथा विभाव, अनुभाव र व्यभिचारीभावलाई रससामग्रीका रूपमा ग्रहण गर्दै आए ।

साहित्य लेखनको सुरुवातदेखि नै सिर्जनामा रसको प्रभाव र उपस्थिति छ । प्राथमिक कालमा वीर र भक्ति रससँगै हास्य, अद्भुत र करुण रस सिर्जनामा समेटिएको प्रमाण भानुभक्तीय रामायणलाई लिइन्छ । नेपाली साहित्यको माध्यमिक काल शृङ्गार रसको केन्द्रियतामा रहेको आचार्य (२०५२) बताउँछन् । शृङ्गार रससँगै माध्यमिक कालमा हास्य, अद्भुत, करुण र अन्य रसहरूले पनि स्थान पाएका छन् । आधुनिक कालमा लक्ष्मीप्रसाद देवकोटाका काव्य, गुरुप्रसाद मैनालीको कथा, लैनसिह बाङ्देलका उपन्यास, माधवप्रसाद धिमिरेका कविताहरूमा रस महत्वपूर्ण स्थानमा रहेको छ । आधुनिक नेपाली साहित्यमा देखा परेका प्रगतिवादी, विसङ्गतिवादी, नारीवादी, अस्तित्ववादी, नवचेतनवादी धाराका रचनामा समेत रसको उपस्थिति छ । प्राथमिक कालदेखि रचनामा प्रयोग हुँदै आएको करुण रसमा आश्रित कृतिहरूले निरन्तरता पाएका छन् ।

कुनै कारणले हृदयमा शोक उत्पन्न हुँदा त्यसलाई करुण रस भनिन्छ । यसको स्थायी भाव शोक हो । भट्टराई (२०७७) श्रापको प्रभावमा परेको आफन्त जनसितको वियोग, विभव नाश, हत्या, बन्धन, आँसुका ढिका आदि विभाव, अश्रुपात-विलाप आदि अनुभाव र वैराग्य, खिन्नता, पश्चाताप, हतोत्साह, थकावट, आवेश आदि यस रसका व्यभिचारी भाव भएको बताउँछन् (पृ. १३९) । यसले करुण रसमा मृतक वा विपत्तिमा परेका प्रियमान्छे वा विनिष्ट वस्तु विभाव, ती व्यक्ति वा वस्तुको सम्झाना दिने कुराहरु उद्दीपन विभाव र विवर्णता, उच्छ्वास, बेहोस आदि यसका सञ्चारी भाव हुन् । प्रस्तुत लेखमा मनु ब्राजाकीको एकान्त कथामा करुण रसको अभिव्यक्त गर्न यस्ता उपकरणहरूसमेत देखाइएको छ । यस क्रममा कथामा करुण रसका उपकरणको प्रयोग, साधारणीकरण र रसाभिव्यक्तिको प्रक्रियासमेत उल्लेख गरिएको छ । कृतिहरूलाई विभिन्न सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरिदै आएको सन्दर्भमा एकान्त कथाको तदअनुरूप विश्लेषण गर्नु समीक्षाको निरन्तरता मात्र होइन प्राज्ञिक क्षेत्रको कर्तव्य पनि हो । उपर्युक्त प्रायोगिक कार्यहरूमा विभाव, अनुभाव र व्यभिचारीभावका आधारमा कथाहरूको विश्लेषण गरिएपनि कथामा साधारणीकरणको अवस्थासम्बद्ध विश्लेषण गरिएको छैन । तसर्थ प्रस्तुत लेख अरुभन्दा भिन्न र विशिष्ट रहेको छ र यसले रससिद्धान्तको सैद्धान्तिक

र प्रायोगिक अध्ययन अध्यापन गराउने सबैलाई सहयोग गर्नेछ ।

## पूर्वकार्यको समीक्षा

लेखमा आचार्य (२०५२) ले नेपाली साहित्यको प्रारम्भिक चरण वीर र भक्ति रस तथा माध्यमिक चरण शृङ्गार रसको कन्द्रीयता रहेको बताएका छन् । यसले पूर्वीय साहित्य मात्रै नभएर नेपाली साहित्य पनि रससिद्धान्तका केन्द्रीयतामा सिर्जना हुने र तदअनुरूप समालोचना गर्ने प्रवृत्तिले निरन्तरता पाएको पुष्टि गर्छ । उनले भने जस्तै अहिलेसम्म नेपाली साहित्यमा रसको उपस्थिति र कृतिहरूको रस केन्द्रित समीक्षाले निर न्तरता पाएको छ । त्यसकै निरन्तरता स्वरूप एकान्त कथाको समीक्षा गरिएको हो । पोखरेल (२०५९) ले कवि घिमिरेको रचनायोगमा ‘कालीगण्डकी’ र ‘दुलही हिमाल कञ्चनजङ्घा’ कविता, ‘राजेश्वरी’ खण्डकाव्य, ‘शकुन्तला’ गीतिनाटक र ‘किन्नर किन्नरी’ अधिगीत सङ्ग्रहको समीक्षा गरेका छन् । उनले ‘कालीगण्डकी’ र ‘दुलही हिमाल कञ्चनजङ्घा’ कवितामा शान्त रस, ‘राजेश्वरी’ खण्डकाव्यमा करुण रस, ‘शकुन्तला’ गीतिनाटकमा शृङ्गार रस तथा ‘किन्नर किन्नरी’ अधिगीतमा रस परिणत हुन नसकेको बताएका छन् । यसले रसको सैद्धान्तिक स्वरूप निर्धारण गर्न सहयोग गरेको छ । पूर्वकार्यका रूपमा केशव प्रसाद उपाध्याय (२०६७) को पूर्वीय साहित्य सिद्धान्तलाई पनि लिइएको छ । उनले पुस्तकको रसवादी मान्यता र त्यसको विवे चना खण्डमा रससिद्धान्तको चर्चा गरेका छन् । पुस्तकमा रसको अर्थ, इतिहास, स्वरूप, रसनिष्पत्तिप्रक्रिया, रसका उपकरण, रससुत्रको व्याख्या, रसको साधारणीकरण, सङ्ख्या, लक्षण र उदाहरणको विस्तृत चर्चा गरि एको छ । पुस्तकबाट रससिद्धान्तको सैद्धान्तिक अवधारणा लिने तथा तदअनुरूप एकान्त कथामा रसको समीक्षा गरिएको छ । नेपाली रस परिचयमार्फत शर्मा (२०७०)ले कृतिमा रस समाग्रीको उपस्थिति, प्रयो ग र तिनको साधारणीकरणको समीक्षा गर्न सैद्धान्तिक र प्रायोगिक आधारहरू उदाहरणसहित उपलब्ध गर ाएका छन् । पुस्तकमा रसको अर्थ, रसका सामग्री, सञ्चारी भावहरूको उदाहरण, स्थायी भावहरूको परिचय, रसनिष्पत्ति, रससुत्रको व्याख्या र साधारणीकरण तथा रसभावहरूको दशा उल्लेख गरेका छन् । उदाहरणसिहत सामग्रीहरूको व्याख्या गरिएकाले पुस्तकले एकान्त कथामा रहेका रससामग्रीहरूको समीक्षा गर्न सहयोग गरेको छ । भट्टराई (२०७७) ले अनुवाद गरेको भरतमुनिको नाट्यशास्त्रमा रससिद्धान्तको भुरतमुनिकालीन सन्दर्भ र परिचय, रसका उपकरणहरू तथा सहृदयसम्म रसको उपस्थितिका विषयमा श्रेष्ठ मुनिहरू र भरतमुनिका बिच भएका संवाद पुस्तकको छैटौं अध्यायमा छन् । यिनले रससिद्धान्त उपलब्ध गराएर समीक्षित कथामा रस सामग्री तथा तिनको साधारणीकरणसम्बद्ध समीक्षा गर्न सहयोग गरेको छ । यसरी प्रस्तुत शोध लेख तयार पार्न आचार्य (२०५२) को नेपाली साहित्यको इतिहास, उपाध्याय (२०६७) को पूर्वीय साहित्य सिद्धान्त, शर्मा (२०७०) को नेपाली रस परियच र भट्टराई (२०७७) ले अनुवाद गरेको भरतमुनिको नाट्यशास्त्रलाई सैद्धान्तिक पूर्वकार्यका रूपमा लिइएको छ ।

पोखरेल (२०५६) ले ‘पापिनी आमा’, ‘गौरी’, ‘राजेश्वरी’, ‘राष्ट्रनिर्माता’ र ‘धर्तीमाता’ खण्डकाव्यको विवेचना गर्नेक्रममा विषयवस्तु र भावविधान अन्तर्गत खण्डकाव्यहरूमा रसको चर्चा गरेका छन् । उनले पापिनी आमा, गौरी र राजेश्वरी खण्डकाव्यमा करुण रस, राष्ट्रनिर्मातामा वीर रस तथा धर्तीमाता खण्डकाव्यमा भक्ति रसको प्रधानता रहेको उल्लेख गरेका छन् । उनको माधव घिमिरेका विशिष्ट खण्डकाव्यबाट रसको सैद्धान्तिक र प्रायोगिक निरुपणमा सहयोग लिइएको छ । कृतिहरूमा निहित रस विश्लेषण गर्ने क्रममा गैरे

(२०७९) ले भेटिएकी देवी कथाको रससाग्रीका आधारमा विश्लेषण गरेका छन् । रससाग्रीका आधारमा कथाको समीक्षा गर्ने क्रममा कथाको विकासक्रमसँगै विभाव विकासको चर्चा गरेका छन् । उनले रससामग्रीहरू विभाव, अनुभाव, व्यभिचारी भाव तथा स्थायी भावको आधारमा कथाको समीक्षा गरेका छन् । कथाका घटनाक्रमहरूले शोक सिर्जना गरेको हुँदा कथा करुणरस व्याप्त भएको निष्कर्ष निकालिएको छ । पौड्याल (सन् २०२४) ले गुरुप्रसाद मैनालीको अभागी कथामा करुण रसको समीक्षा गरेका छन् । उनले रस उपकरहरूका आधारमा कथाको विश्लेषण गरेका छन् । कथाको विश्लेषण गर्न आलम्बन विभाव र उद्दीपन विभाव तथा अनुभावशृङ्खलाको पनि कथाका सन्दर्भसहित विश्लेषण गरी कथा करुण रसयुक्त भएको निष्कर्ष निकालिएको छ । त्यसै गरी तवारी (सन् २०२२) ले 'सहिद' कथामा रस शीर्षकमा अनुसन्धानमुलक लेख प्रकाशन गरेका छन् । लेख रससामग्री र स्थायीभावको आधारमा कथाको विश्लेषणमा आधारित छ । कथाहरूलाई रससिद्धान्तका आधारमा विश्लेषण गर्दै तिनमा करुण रस व्याप्त रहेको निष्कर्ष निकालिएका उपर्युक्त लेखहरूले एकान्त कथामा उपस्थित रससामग्रीको पहिचान र तदअनुरूप समीक्षा गर्न महत्वपूर्ण सहयोग गरेका छन् ।

## अध्ययन विधि

यो लेख गुणात्मक अनुसन्धान ढाँचा र पुस्तकालयीय स्रोतको उपयोग गरेर तयार पारिएको छ । लेख एकान्त कथालाई प्राथामिक र रससिद्धान्तलाई द्वितीयक स्रोतका रूपमा स्वीकार गरी समीक्षात्मक विधिबाट तयार पारिएको छ । एकान्त कथाको समीक्षा गर्न वर्णन, विश्लेषण र व्याख्यान विधिको समेत उपयोग गरिएको छ । कथाबाट साक्षहरू लिई तिनैबाट रस सामग्रीको प्रयोग र तिनको साधारणीकरणको समेत समीक्षा गरिएको छ । विभाव, अनुभाव, व्यभिचारीभाव, स्थायीभाव र साधारणीकरणको आधारमा समीक्षा गरी कथामा करुण रस निहित रहेको निष्कर्ष निकालिएको छ ।

## एकान्त कथामा रस उपकरण

लेखका लागि रसका उपकरण, करुण रस र यसको साधारणीकरणलाई सैद्धान्तिक आधार बनाइएको छ । मानवका मनमा स्थायी रूपमा रहेका भावना वा धारणालाई विभाव, अनुभाव र व्यभिचारीभावको संयोगले जागृत गराउँने हुँदा यिनलाई रसका उपकरण भनिन्छ । शर्मा (२०७०) का अनुसार रस उपकरणहरूको सम्मिलनबाट प्रेक्षकका मनमा रहेका इच्छा र बुझाई जस्ता स्थायी भावरूपी आनन्दात्मक मनोभावको अवस्था नै रस हो (पृ. २) । भट्टराई (२०७७) ले पनि विभावादीको संयोगबाट रस निष्पत्ति हुने बताएका छन् (पृ. १३३) । यसरी रस सामग्रीको उपस्थितिले रस निष्पत्ति हुने भएकाले विभाव, अनुभाव र व्यभिचारीभावलाई रसका उपकरण भनिएको हो । एकान्त कथाका रस उपकरणहरूको समीक्षा गर्दा कथा करुण रससम्बद्ध रहेको पुष्टि हुन्छ ।

### विभाव

उपाध्याय (२०६७) यथार्थ जीवनमा महिला र पुरुषमा रहने सम्भोग, रिस, हेला, करुणा आदि मनोभावहरुलाई पुष्पित पार्नमा कारक बन्ने व्यक्तित्व र परिवेश आदि नै साहित्यमा विभाव हुने बताउँछन् (पृ.२८) । साहित्यिक रचनामा उपस्थित हुने पात्र र परिवेश जसले स्थायी भावलाई जागृत गराएर आस्वादनयोग्य

बनाउँछन् तिनैलाई विभाव भन्ने गरिन्छ । विभाव आलम्बन र उद्दीपन गरी दुई किसिमका छन् । स्थायी भाव उत्पन्न गराउने आलम्बन विभाव हुन् । "जुन वस्तु वा पात्रका कारण मनमा रहेको इच्छा वा धारणा स्थायी भाव रसको रुपमा व्यक्त हुन्छ, त्यही आलम्बन विभाव हो" (शर्मा, २०७०, पृ. ४) । आलम्बनका बारेमा उल्लेख गरिएको यो भनाइका आधारमा आलम्बन विभावले रस जागृत गराउने कारकको काम गर्दछन् । यी दुई किसिमका रहेका छन्, तिनीहरू विषायलम्बन र आश्रयालम्बन हुन् । यी आलम्बनका बारेमा भनिएको छ, "जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरित हुन्छ त्यसलाई विषयालम्बन र जुन व्यक्तिमा स्थायी भाव जाग्छ त्यसलाई आश्रयालम्बन भनिन्छ" (उपाध्याय, २०६७, पृ.२८) । जसलाई देखेर स्थायी भाव जाग्छ त्यो विषयालम्बन हुन्छ भने जुन पात्रमा स्थायी भाव उत्पन्न हुन्छ त्यो आश्रयालम्बन हुन्छ । त्यसैगरी स्थायी भावलाई उद्दीप्त पार्ने तत्व, वातावरण, स्थान, समय आदि उद्दीपन विभाव हुन् । उद्दीप्त पार्न सहयोग गर्ने नै उद्दीपन विभाव हुन् । "आलम्बनका रूप, गुण, लुगा कपडा, गरगहना, शृङ्गारपटार, कपाल, ओठ, आँखाका साथै चन्द्रमा, चन्द्रकिरण, नदी किनार, वन बुट्यान, पहाड, नदी, भमरा, प्रेमिल परेवा, कोकिल आदि प्राकृतिक तत्त्व र वातावरण र देश, काल आदि उद्दीपन विभाव हुन्" (पृ.२९) । आलम्बनका रूप, गुण, शोभा बढाउने वस्तुका साथै जून, जुनेली, नदी किनार, पानीको छाल, बगैचा, शान्त वन, पहाड, झरना, भमरा, चरा, पुतली, कलकल बगेको खोला, नदी, कोयली, परेवा, ढुकुर जस्ता प्राकृतिक तत्त्व र वातावरण र देश काल तथा जुन प्राकृत वस्तु, जुन स्थान, जुन समय र परिवेशले रसलाई जागृत गर्न उद्दीपनको काम गर्दछन् तिनीहरुलाई उद्दीपन विभाव भन्ने गरिन्छ ।

सहृदयको मनोभावहरूलाई जागृत पार्नमा कारक बन्ने व्यक्तित्व र परिवेश आदि विभाव हुन् । " प्रियजनको मृत्यु, नाश आदि करुण रसका विभाव हुन् । श्रापको क्लेशमा परेको प्रियजन, वियोग, विभव नाश, हत्या, बन्धन, विद्रव, उपघात आदि विभावबाट यो रस उत्पन्न हुन्छ" (भट्टराई, २०३६, पृ. १३९) । यो भनाइलाई हेर्दा हेर्दा प्रियजनको बिछोड, धन क्षय, हत्या, परिबन्ध, देशनिकाला, अनर्थकारकमा लागेको अवस्था नै करुण रसका विभाव हुन् । कथाको पृ. १६८ हेरौँ, "ऊ रोकएको पनि छैन, हाँसेको पनि छैन । हाँस्ने त केही कुरै छैन । भित्र कोठामा छोरो मर्दै छ । सायद मरिसक्यो होला । उसलाई केही थाहा छैन । घर भरि घुइँचो छ । स्वास्नी विलाप गर्दै छे ।" यसमा मर्दै गरेको छोरा विषयालम्बन हो भने ऊ पात्र र विलाप गर्ने ऊ पात्रकी श्रीमती आश्रयालम्बन हुन् । छोराको मृत्युले शोकमग्न ऊ पात्रले चुरोट सल्काएर अरुतिर हे र्नु, निधार पुछ्नु, उसलाई पिसाब गर्न जाऊ जस्तो लाग्नु घटनाले ऊ पात्रलाई र विलाप गर्ने मृत छोराकी आमामा मृतक (विषालम्बन)को प्रभाव परेकाले उनीहरू आश्रयालम्बन हुन् । उद्दीपन विभावका लागि न रुन न हाँस्न सकेको ऊ पात्रको अवस्था, घरभरिको घुइँचो, ऊ पात्रकी श्रीमतीको विलापलाई प्रयोग गरिएको छ । सहानुभूति दिन आएका छिमेकीहरुका सहानुभूति र विष्मयबोधक शब्दहरू, यस्तो अवस्थामा के भन्नु पर्छ ? उसलाई थाहा छैन भन्ने समाख्याताको भनाई र झोक्राएर बसेका छिमेकीहरू पनि उद्दीपन विभाव हुन् । त्यसै गरी समाख्याताको 'भित्र कोठामा अधैर्यको बाढी चलेको छ (पृ. १६९-१७०)' भन्ने भनाई र रामेश्वरप्रसादकी श्रीमतीको धुँक्क र सुँक्कको स्वरलाई पनि उद्दीपन विभावका रूपमा लिइन्छ । समाख्याताले वर्णन गरेको ' ऊ आत्तिन लागेको, चारवटा चुरोट खाएको, पिसाप फेर्न खोजे पनि आँसु जस्तै नआइराखेको पिसाप तथा च्वाकच्वाक चुकचुक (पृ. १७०)' जस्ता सन्दर्भ र छिमेकीहरुको विष्मयादीबोध शब्दहरुले पनि करुण रसको उद्दीपन विभावको काम गरेको छ । उसकी श्रीमतीको विलाप, विलापमा गरिएको छोराको स्मरण तथा छिमे

कीहरुले बाँस र खुकुरी ल्याउन गरिएको सम्वाद पनि उद्दीपन विभाव हुन् । त्यसैगरी समाख्याताले वर्णन गरेको ऊ पात्र शौचलयतिर गएको, शौचालयभित्र टोलाएको र एक्कासी टुक्रुक्क बसेर भावविह्वल भएर रुन थालेको सन्दर्भ पनि उद्दीपन विभाव हुन् ।

**अनुभाव**

स्थायी भावको महसुस गराउने चेस्टा अनुभाव हो । अनुभावको वारेमा शर्मा (२०७०) भन्छन्, " मनोगत भावहरुलाई व्यक्त गर्ने शारीरिक चेष्टालाई अनुभाव भनिन्छ" (पृ.४) । सहृदयमा विभावहरू उत्पन्न भएपछि मात्र उत्पन्न हुने भएकाले यिनलाई अनुभाव भनिएको हो । उपाध्याय (२०६७)का अनुसार जसले वास्तविक जीवनमा सीता आदि र चन्द्र आदि आ-आफ्ना आलम्बन र उद्दीपनका कारणहरूद्वारा राम आदिका मनमा जागेका स्थायी भावहरूलाई बाहिर ल्याएर कार्यको संज्ञा पाउँछन्, ती नै काव्य र नाटकमा अनुभाव कहिन्छन्" (पृ.२९) । स्थायी भावलाई प्रकाशमा ल्याउने, प्रदर्शनमा ल्याउने नै अनुभाव हुन् । अनुभावले स्थायी भावको अनुभुतितिर लैजाने काम गर्दछन् । शर्मा (२०७०) सुम्सुम्याउनु, मुख बिगार्नु, आँसु झार्नु, रातोपिरो हुनु, आक्रमण, रुनु, नाक खुम्च्याउनु, वाल्ल पर्नु, विरक्त हुनु आदि अनुभाव भएको बताउँछन् (पृ.६) । सहृदयका मनका स्थायी भावहरूलाई व्यक्त गर्ने शारीरिक चेस्टालाई अनुभाव भनिन्छ । "आँसु झर्ने, विलाप गर्ने, मुख सुक्नु, मुखको रङ्ग उड्नु, शरीर लत्रङ्ग पर्नु, लामो सास फेर्नु, स्मृति लोप हुनु आदि अनुभाव हुन्" (भट्टराई, २०३६, पृ. १३९) । यस कथनले अश्रुपात, विलाप, मुख सुक्नु, मुखको रङ्ग उड्नु, शरीर लत्रङ्ग पर्नु, लामो सास फेर्नु, स्मृति लोप हुनु अनुभाव हुन् भन्ने पुष्टि गर्छ । ऊ पात्रकी श्रीमतीले विलाप गरेको, 'कठै ! कति कलिलो उमेरमै क्रूर कालले लग्यो' (पृ. १६८) र 'छिमेकी रामेश्वरप्रसादकी स्वास्नी गौरको धुँक्क र सुँक्कको स्वर सबैभन्दा टड्कारो भएर बाहिर आइरहेछ' तथा ऊ एक्कासि टुक्रुक्क बसेको र भावविह्वल भएर रुन थालेको (पृ.१७०) सन्दर्भमा करुण रसको अनुभाव पाइन्छ । त्यसैगरी आत्तिन थालेको ऊ पात्र, सहानुभूति दिन आएका छिमेकीहरूको च्वाकच्वाक चुकचुक र विष्मयबोध शब्दहरू पनि अनुभाव हुन् ।

**सञ्चारी भाव**

मनमा बारबार, नियमित र क्षणिक रूपमा आउने तत्त्व सञ्चारी भाव हुन् । सञ्चारी भावलाई व्यभिचारी वा अस्थायी भाव पनि भनिन्छ । उपाध्याय (२०६७) का अनुसार कहिले देखिने, कहिले नदेखिने तर निरन्तर देखिने खेद, विरक्ति आदि व्यभिचारी भाव हुन् (पृ.२८) । यिनीहरू पानीको फोहोरा झैं उठ्दै हराउँदै जान्छन्, क्षणिक हुन्छन्, आउँछन्, जान्छन् । सञ्चारी भावको प्रवृत्तिका सन्दर्भमा भनिएको छ, "यी उठ्दै र हराउँदै गर्ने अर्थात सञ्चरण गर्ने भावहरुले प्रेमरुप स्थायी भावलाई नै पुष्टि गर्दछन्" (शर्मा, २०७०, पृ. ६) । सहृदयका मनमा स्थायीभाव जागृत भएपछि यसको पुष्टिका लागि आउने भावलाई नै सञ्चारी भाव भनिन्छ । करुण रसका व्यभिचारी भावका सन्दर्भमा गोविन्दप्रसाद भट्टराईले अनुवाद सम्पादन गरेको भरतमुनिको नाट्याशास्त्रमा भनिएको छ, "पछुतो, हतोत्साह, चिन्ता, उत्सुकता, आवेग, सन्देह, अनुराग, श्रम, भय, विषाद, विवश, रोग, जडता, नम्रता, उन्माद, मूर्छा, डर, अल्छिपन, मरण, स्तम्भ, वैवर्ण्य, रुवाई स्वर आदि करुण रसका व्यभिचारी भाव हुन्" (पृ. १३९) ।' यिनका आधारमा कथामा प्रस्तुत व्यभिचारी भावका रूपमा न रुन सकेको न हाँस्न सकेको तथा यस्तो अवस्थामा के भन्ने थाहा नभएको अवस्था (पृ. १६८) तथा 'सहानुभूति प्रकट गने

'हरू आएर यति धेरै धैर्यका बिटाहरू बुझाए जसले गर्दा उसले कतै राख्ने ठाउँ भेट्टाएको छैन (पृ. १६९)' भन्ने अवस्थाले दैन्य सञ्चारी भाव व्यक्त गरेका छन् । रामेश्वरकी श्रीमतीको धुँक्क र सुँक्कको स्वर (पृ. १७०)ले निर्वेद तथा सञ्चारी भाव जागृत गराएको छ । त्यसैगरी पटक पटक चुरोट खाएको पिसाप नआएको पनि पिसाप गर्न खोजेको तथा आँसु पनि नआएको सन्दर्भ (पृ. १७०)ले ग्वानी (हतोत्साह) सञ्चारी भाव देखाएको छ । ऊसकी श्रीमतीले विलाप गर्दा पटक पटक गरेको 'मेरो बाबू, मेरो राजा (पृ. १७०)' शब्दले व्याधि तथा चुपचाप शौचलामा गएर टोलाएको सन्दर्भ (पृ. १७०)ले ग्लानी र व्याधि तथा शौचालय भित्र भावविह्वल भएर रोएको सन्दर्भ (पृ. १७०)ले अश्रुस्वर सञ्चारी भावको काम गरेका छन् ।

**स्थायी भाव : शोक**

विभाव, अनुभाव र सञ्चारी भावको बलियो उपस्थितिले कथालाई करुण रसयुक्त बनाएको छ । रसका यी उपकरणहरूको संयोजनबाट मनमा स्थायी भाव उत्पन्न हुने गर्छन् । "सहृदयको मनमष्तिस्कमा निष्कृय अवस्थामा स्थायी रूपले रहेका संस्कार, मनोविकार वा वासनाजन्य भावलाई स्थायी भाव भनिन्छ" (सुवेदी, सन् २०१५) । मानव मनमा रहेका यी संस्कार, मनोविकार वा वासनाजन्य भाव नै स्थायी भाव हुन् । "मानव हृदयमा रहेका सम्भोग, हाँसो, दुःख, रिस, उत्साह, डर, घृणा, अचम्म, पश्चाताप आदि आवेग वा संवे गहरू स्थायी भाव हुन्" (सुवेदी, सन् २०१५) । अर्थात मानव मनमा स्थायी रूपमा रहने आवेग वा संवेगहरू स्थायी भाव हुन् । कृति वा रचनाको उत्तम लक्ष्य नै स्थायी भावको अभिव्यक्ति हुने गर्छ (उपाध्याय, २०६७, पृ. ३१) । कथाले स्थायी भावका रूपमा शोकलाई उत्कर्षमा पुऱ्याएको छ र यसले कथालाई करुण रसमय बनाएको छ । प्रियजन (छोरा)को मरणका कारण पाठकका मनमा करुण रस व्यक्त हुन्छ । "पुत्र बियोग आदि प्रियजनसितको वियोग वा तिनको विपद् वा मृत्यु देखर वा सुनेर अथवा प्रियवस्तुको नाश हेरेर, देखेर अथवा सुनेर मनमा उत्पन्न हुने व्याकुलताबाट करुणरस उत्पन्न हुन्छ" (उपाध्याय, २०६७, पृ.२८) । करुणरस उत्पन्न हुन प्रियव्यक्ति वा वस्तुको मरण वा नाश हुनु पर्दछ । "यस रसमा शोचनीय वा नष्ट भएको वस्तु आलम्बन मानिन्छ भने शोचनीय दाह आदि व्यवस्था उद्दीपन मानिएको छ" (विश्वनाथ, ३ : २२२, २२३, शर्मा, २०७०, पृ. ५७)। प्रियजन वा वस्तुको मरण र नाशपछि उत्पन्न हुने यी विभाव, अनुभाव र सञ्चारी भावले पात्र, पाठक, श्रोताका हृदयलाई द्रवित गराई उनीहरुमा शोक स्थायी भाव जागृत भएर करुण रस अभिव्यक्त हुन्छ। उपर्युक्त किसिमका रस उपकरणहरू (विभाव, अनुभाव र सञ्चारी भाव)ले कथामा करुण रस पुष्टि गरेका छन् ।

मृत्युको संघारमा रहेको छोरा, ऊ पात्र र विलाप गर्ने ऊ पात्रकी श्रीमती आलम्बन विभाव र न रुन न हाँस्न सकेको ऊ पात्रको अवस्था, घरभरिको घुइँचो, ऊ पात्रकी श्रीमतीको विलाप, छिमेकीहरुका सहानुभूति र विष्मयबोधक शब्दहरु, यस्तो अवस्थामा के भन्नु पर्छ ? उसलाई थाहा छैन भन्ने समाख्याताको भनाई र झोक्राएर बसेका छिमेकीहरू, रामेश्वरप्रसादकी श्रीमतीको धुँक्क र सुँक्कको स्वर, छिमेकीहरुको च्वाकच्वाक चुकचुक, छिमेकीहरुको विष्मयादीबोध शब्दहरू, उसकी श्रीमतीले विलापमा गरेको छोराको स्मरण तथा छिमे कीहरूले बाँस र खुकुरी ल्याउन भन्दै गरेको सम्वाद, समाख्याताले वर्णन गरेको ऊ पात्र शौचलयतिर गएको, शौचालयभित्र टोलाएको र एक्कासी टुक्रुक्क बसेर भावविह्वल भएर रुन थालेको सन्दर्भ उद्दीपन विभाव हुन् । त्यसैगरी ऊ पात्रकी श्रीमतीको विलाप, ऊ पात्रको अवस्था, रामेश्वरप्रसादकी श्रमितीको घुँक्क र सुँक्क स्वर, ऊ पात्रको छोराको मरणमा सहानुभूति दिन आएका छिमेकीहरूको च्वाकच्वाक चुकचुक र विष्मयबोधक

शब्दहरू, शौचालय गएर ऊ पात्रलाई भावविह्वल बनेर रोएको सन्दर्भ अनुभाव हुन् ।

न रुन सकेको न हाँस्न सकेको तथा यस्तो अवस्थामा के भन्ने थाहा नभएको अवस्था देखाउँदै दैन्य, रामेश्वरकी श्रीमतीको धुँक्क र सुँक्कको स्वरले निर्वेद, पटक पटक चुरोट खाएको पिसाप नआएको पनि पिसाप गर्न खोजेको तथा आँसु पनि नआएको सन्दर्भले ग्वानी (हतोत्साह), उसकी श्रीमतीले विलाप गर्दा पटक पटक गरेको 'मेरो बाबू, मेरो राजा' शब्दले व्याधि, ऊ पात्र चुपचाप शौचलामा गएर टोलाएको ग्लानी र व्याधि तथा शौचालय भित्र भावविह्वल भएर रोएको सन्दर्भले अश्रुस्वरले कथामा करुण रसको सञ्चारी भावलाई उपस्थित गराएका छन् ।

उपर्युक्त किसिमका विभाव, अनुभाव र दैन्य, निर्वेद, ग्लानी (हतोत्साह), व्याधि जस्ता सञ्चारी भावका माध्यमबाट शोक भाव व्यक्त भई करुण रस उद्दीप्त छ ।

## रस साधारणीकरणको पक्ष

रसलाई आनन्दको रूपमा लिँदा साधारणीकरण निष्पत्तिको प्रक्रिया मानिन्छ। रससिद्धान्तमा रसनिष्पत्तिको व्याख्या गर्ने सन्दर्भमा भट्टनायकले साधारणीकरणको चर्चा गरेका छन् । रसनिष्पत्ति नभईकन रसानन्द नहुने भएकाले साधारणीकरणलाई रससिद्धान्तको मेरुदण्डका रूपमा लिइन्छ । साधारणीकरणलाई रसवादको मेरुदण्ड बताउँदै उपाध्याय (२०६७) भन्छन्, "रसको प्रकाशन कसरी हुन्छ ? पात्रका अभिनयले कसरी सहृदयका मनका भाव जगाएर रसरूप प्राप्त गर्दछ ? भन्ने प्रश्नहरुको एउटै उत्तर- साधारणीकरण हो । उसैले साधारणीकरण रसवादको मेरुदण्ड हो" (पृ.५५) । यसरी हेर्दा रसको प्रकाशन, निष्पत्ति हुने प्रक्रिया र सहृदयका मनमा रसाभाव उत्पन्न गराउने प्रक्रिया नै साधारणीकरण हो भन्न सकिन्छ । साधारणीयकरणको अर्थ विशिष्टलाई सामान्य बनाउनु भन्ने हुन्छ । "जुन भाव कुनै व्यक्तिविशेषसित सम्बन्धित हुन्छ त्यसलाई सार्वजनिक बनाउनु नै साधारणीकरण हो" (पृ. ५५) । कृतिमा भएका, रचनामा सिर्जना गरिएका पात्रमा निहित भएका भावहरुलाई पाठक स्रोताको भावमा रुपान्तरण हुने प्रक्रियालाई साधारणीकरण भनिन्छ । भट्टनायकले साधारणीकरणको सन्दर्भमा भनेका कुरालाई उपाध्यायले यसरी उल्लेख गरेका छन् "विशिष्ट पात्रमा स्फुरित हुन आउने रतिभाव सामान्य पुरुष वा नायकमा स्फुरित हुन आउने रतिभावमा रुपान्तरित हुन्छ र यही साधारणीकरण हो" (पृ. ५५)। यसरी साहित्यिक रचनामा व्याप्त पात्रका रतिभावहरू सामान्य पुरुषमा रुपान्तरिक हुनु नै साधारणीकरण हो । रचना/कृतिको मूलभावसँग पाठक/स्रोताको भावको सम्बन्ध स्थापित गर्ने कार्य नै साधारणीकरण हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । शर्मा (२०७०)को भनाई मान्ने हो भने "साधारणीकरण भनेको काव्यको मूल भावसँग सामाजिकको अर्थात दर्शक/स्रोता/पाठक/प्रेक्षकको सम्बन्धलाई एकाकार तुल्याउनु हो" (पृ. ४) । यसरी हेर्दै गरेको नाटकको दृष्य, सुन्दै गरेको रचना वा पढ्दै गरेका साहित्यको कृतिको भावसँग दर्शक, स्रोता वा पाठकको भाव एउटै भएको अवस्था नै रसको साधारणीकरणको अवस्था हो ।

एकान्त कथामा ऊ, उसकी श्रीमती, उनीहरुको मृत छोरा, छिमेकी र उनीहरूका सहानुभूतियुक्त कथनहरू जस्ता रससामग्रीका साथै शोकको साधारणीकरणका माध्यमबाट करुण रसको निष्पत्ति भएको छ । न्यौपाने (सन् २०१९) का अनुसार पात्र, स्थान, काल, परिवेश, पात्रका कार्यहरूका साथै भावकनिष्ठ स्थायीभावको समेत विशिष्टभाव समाप्त भई तिनीहरू सामान्य अवस्थामा अनुभूत हुनु साधारणीकरण हो (पृ. १२५) । साधारणीकरणको प्रक्रियापछि मात्रै रसानन्द प्राप्त हुने विद्वानहरूको भनाई छ । एकान्त कथालाई

कारुणिक बनाउन रससामग्रीको देहायअनुसार साधारणीकरण भई पाठकमा समेत शोकभाव उत्पन्न गराएको छ ।

कथामा विषयालम्बन विभावका रूपमा आएको ऊ पात्रको मृतक छोरो र आश्रयालम्बनका रूपमा आएका ऊ पात्र र उसकी श्रीमती, रामेश्वरप्रशादकी श्रीमती तथा न रुने न हाँस्ने अवस्थामा पुगेको ऊ पात्रको अवस्था, घरभरिको घुइँचो, ऊसकी श्रीमतीको विलाप, सहानुभूति दिन उपस्थित भएका छिमेकीहरुको सहानुभूतियुक्त भनाइहरू, झोक्राएर बसेका छिमेकीहरूको उपस्थितिले मृतकका बुबा र आमालाई मात्रै शोकभावसम्म पुऱ्याएको छैन छोरोका मृत्युका कारण दैन्य अवस्थामा पुगेको ऊ र विलाप गर्ने उसकी श्रीमती, समाख्याताले ऊ पात्रको बारेमा गरेको वर्णन, छिमेकीहरूका विष्मयसूचक शब्दहरू जस्ता उद्दीपन विभाव र समाख्याताले देखाएको ऊ पात्रको अवस्थाले उद्दीपनमार्फत विभावको साधारणीकरण हुँदा पाठकले आफू र ऊ पात्रको छोरोको मृत्यु भएको सन्दर्भ बिर्सिएर आफ्नै प्रियजनको मृत्यु भएको अनुभूति गर्दछ र विभावको साधारणीकरण हुन्छ ।

विभावका कारण पाठकका मनमा शोक भाव उद्दीप्त भई सकेपछि ऊ पात्रकी श्रीमतीको विलाप, ऊ पात्रको अवस्था र रामेश्वरप्रसादकी श्रमितीको घुँक्क र सुँक्क स्वर, आत्तिन थालेको ऊ पात्र, उसको छोरको मरणमा सान्त्वना दिन आएका छिमेकीहरूको च्वाकच्वाक चुकचुक र विष्मयबोधक शब्दहरू, ऊ पात्रकी श्रीमतीको विलाप, शौचालय गएर ऊ पात्रलाई भावविह्वल बनेर रोएको सन्दर्भले अनुभावहरूको समेत साधारणीकरण भएको र कथा पठनका क्रममा पनि यी अनुभावहरू देखा पर्दछन् । कथाका पात्रहरूमा प्रयोग गरिएको अनुभावले पाठकमा समेत शारीरिक चेष्टा उत्पन्न भई अनुभावको साधारणीकरण भएको छ ।
अनुभावको साधारणीकरणपछि न रुन सकेको न हाँस्न सकेको, ऊ पात्रमा देखिएको दैन्य, रामेश्वरकी श्रीमतीको धुँक्क र सुँक्कको स्वरले सिर्जना गरेको निर्वेद, पटक पटक चुरोट खाएको पिसाप नआएको पनि पिसाप गर्न खोजेको तथा आँसु पनि नआएको सन्दर्भले ऊ पात्रमा देखिएको ग्वानी (हतोत्साह), ऊसकी श्रीमतीले विलाप गर्दा पटक पटक गरेको 'मेरो बाबू, मेरो राजा' शब्दले सिर्जना गरेको व्याधि, चुपचाप शौचलामा गएर टोलाएको ऊ पात्रमा देखिएको ग्लानी र व्याधि तथा शौचालय भित्र भावविह्वल भएर रोएको सन्दर्भले अश्रुस्वर सञ्चारी भावले पाठकको हृदयलाई शोक भावसम्म पुऱ्याउने सञ्चारी भावहरूको समेत साधारणीकरण भएको छ ।

यी विभाव, अनुभाव र सञ्चारी भावको साधारणीकरणमार्फत पाठकले मृतक ऊ पात्रको छोरा र ऊ पात्रलाई बिर्सिएर आफ्नै प्रियजनको मृत्युमा ऊ पात्र, ऊसकी श्रीमती, उसका छिमेकीहरूले नभई आफ्नै आफन्तहरूले दुःखभाव व्यक्त गरेको महसुस गरी ऊ र उसकी श्रीमतीमा आश्रित शोक भाव पाठकमा उत्पन्न हुँदा स्थायी भावको पनि साधारणीकरण भएको छ ।

## निष्कर्ष

मनु ब्राजाकीको एकान्त कथा करुण रसमा केन्द्रित कथा छ । मृतक पात्रका पिता र माताका पीडा, संवेदना र यथार्थ सामाजिक परिवेशमा उपस्थित विभाव, अनुभाव र पात्रमा देखिएका व्यभिचारीवाले कथालाई करुण रसयुक्त बनाएको छ । रस उपकरण तथा स्थायी भावको माध्यमबाट कथामा करुण रस निष्पन्न भएको उधृत सन्दर्भहरूले पुष्टि गरेका छन् । कथामा विषयालम्बन र आश्रयालम्बन विभाव, सहृदयमा शोक भाव

जागृत गराउने उद्दीपन विभाव, पात्रका शारीरिक र मानसिक चष्टाबाट प्रकट हुने अनुभाव तथा क्षणिक रूपमा देखा परेका दैन्य, निर्वेद, ग्लानी, हतोत्साह, व्याधि जस्ता सञ्चारी भावहरू मिलेर करुण रसको उत्पत्तिलाई सशक्त बनाएका छन् । करुण रसका उपकरणहरूको संयोगबाट सहृदयको मनमा शोक स्थायी भाव जागृत भई कथामा करुण रस उद्दीपन भएको छ । ऊ पात्र र उसकी श्रीमतीको शोक, छिमेकीहरूको सहानुभूति र वातावरणीय चित्रणमार्फत कथाकारले पत्रको विशिष्ट भावनालाई पाठकको हृदयसम्म पुऱ्याएका छन् ।

यसरी रस सामग्री र स्थायी भावको सन्तुलित प्रयोग तथा तिनको साधारणीकरण प्रक्रियामार्फत एकान्त कथामा करुण रसको सशक्त अभिव्यञ्जना भएको छ । कथाले सहृदय पाठकलाई केवल पात्रको दु:ख महसुस गराउने मात्र होइन, मानवीय करणा र संवेदनाको गहिरो आस्वादन गराउन सफल भएको छ ।

## सन्दर्भ सागग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०५०), पूर्वीय समालोचना सिद्धान्त, पाँचौ संस्करण, सभ्का प्रकाशन ।

आचार्य, मोहनप्रसाद (२०५२), नेपाली साहित्यको इतिहास, साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), पूर्वीय साहित्यसिद्धान्त, साझा प्रकाशन ।

गैरे, शङ्करप्रसाद (२०७९), 'भेटिएकी देवी' कथामा करुण रस, प्रज्ञान (७, १), त्रिभुवन बहुमुखी क्याम्पस । https://doi.org/10.3126/Pragyan.v7i1.55154

तिवारी, प्रेमप्रसाद (सन् २०२२), 'सहिद' कथामा करुण रस, बुटबल क्याम्पस जर्नल (५, १), बुटबल बहुमुखी क्याम्पस । https://doi.org/10.3126/bcj.v5i1.50204

न्यौपाने, दिपकप्रसाद (सन्, २०१९), 'तरुण तपसीमा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रिया', दृष्टिकोण: बहुविधात्मक जर्नल, धरान: महेन्द्र बहुमुखी क्याम्पस ।

पन्त, भरतराज (२०५६), नेपाली अलङ्कार परिचय, नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०५६), माधव घिमिरेका विशिष्ट खण्डकाव्य, दोस्रो संस्करण, साझा प्रकाशन ।

ऐ, ऐ. (२०५९), कवि घिमिरेको रचनायोग, साझा प्रकाशन ।

पौड्याल, शालिकराम (सन् २०२४), गुरुप्रसाद मैनालीको अभागी कथामा करुण रस, त्रिभुवन जर्नल (३, १) बुटबल बहुमुखी क्याम्पस । https://www.nepjol.info/index.php/tribj/article/view/70820/53999

ब्राजाकी, मनु (२०६७), नेपाली कथा भाग-४ (सम्पा. दयाराम श्रेष्ठ), साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०३१), पूर्वीय काव्य सिद्धान्त, नेपाल प्रज्ञा प्रतिष्ठान ।

ऐ. ऐ., (२०३६), भरतमुनिको नाट्यशास्त्र, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, ऋषिराम (२०७०), नेपाली रस परिचय, जुगल प्रकाशन ।

सुवेदी, जीवनाथ (सन् २०१५), करुण रस प्रयोगका आधारमा मैनालीको सहिद कथाको विश्लेषण, (समकालीन साहित्य.कम), अनलाइन । https://www.samakalinsahitya.com/sahitya/details/5266